# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, भदौ २९ गते २०६६ साल (संख्या २२

## भाग ५

### व्यवस्थापिका-संसद सचिवालयको

#### सूचना १

व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ७३ को उपनियम (१) बमोजिम व्यवस्थापिका-संसद, सचिवालय संचालन तथा व्यवस्थापन समितिको मिति २०६६।३।२६ को निर्णयानुसार व्यवस्थापिका-संसद सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको देहायका उपसचिवहरूलाई मिति २०६६।३।२५ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | नाम, थर |
|---|---|
| १. | श्री ध्रुवप्रसाद घिमिरे |
| २. | श्री कृष्णहरि खड्का |

#### सूचना २

व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ७३ को उपनियम (१) बमोजिम व्यवस्थापिका-संसद



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सचिवालय संचालन तथा व्यवस्थापन समितिको मिति २०६६।३।२६ को निर्णयानुसार व्यवस्थापिका-संसद सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत श्री सुरजकुमार दुरालाई मिति २०६६।३।२६ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा बढुवा गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

नेपाल सरकारले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको प्रारम्भ हुन बाँकी सबै दफाहरू देहायका जिल्लाहरूमा सम्बत् २०६६ साल असोज १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

१. काठमाडौं २. ललितपुर ३. भक्तपुर ४. सोलुखुम्बु ५. भोजपुर ६. खोटाङ्ग ७. अछाम ८. दैलेख ९. रुकुम १०. जाजरकोट ११. ओखलढुङ्गा १२. संखुवासभा १३. तेह्रथुम १४. बाजुरा १५. हुम्ला १६. डोल्पा १७. मुगु १८. रसुवा १९. मनाङ्ग २०. मुस्ताङ्ग २१. सल्यान २२. कालिकोट ।

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

206

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी यही २० अगष्ट २००९ मा काठमाडौंको याक एण्ड यति होटलमा हुन लागेको



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अष्ट्रेलियन शैक्षिक प्रदर्शनीका लागि अष्ट्रेलियास्थित ३० वटा विश्व विद्यालयहरूबाट अमेरिकी डलर १,०८०.०० (एक हजार असी) मूल्य बराबरको ४४ वटा प्याकेट शैक्षिक प्रबर्धनात्मक सामाग्रीहरू आयात गर्दा सम्पूर्ण राजस्व तथा शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटीको लागि Luxembourg Red Cross, Luxembourg बाट अनुदान स्वरुप प्रदान गरिने यूरो ३६,०७८.०० (छत्तीस हजार अठहत्तर) मूल्य बराबरको दश थान Blood Bank Refrigerator र एक थान Freezer आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी ललितपुर जिल्लास्थित हिमालयन हेल्थ केयर नेपाल नामको गैर सरकारी संस्थाको लागि Direct relief International, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,९४१.१७ (एक हजार नौ सय एकचालिस सेन्ट सत्र) मूल्य बराबरको मेडिकल सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल विद्युतीय परिवहन संघले सफा टेम्पो संचालन गर्न व्याट्री थान १०,५६० आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी अन्य राजस्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी डेनमार्क सरकारको सहयोगमा सञ्चालित Secondary Education Support Programme र Education For ALL कार्यक्रमको तर्फबाट खरिदको काम गर्ने Education Sector Advisory Team नामको संस्थालाई सम्झौता बमोजिम मूल्य अभिवृद्धि कर पुरै फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

208



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।